भूमे गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

खाबाङबगर, रुकुम (पूर्व)
लुम्बिनी प्रदेश, नेपाल

आ.व :२०८१/०८२
सूचना नं : ४६

**बहुक्षेत्रीय पोषण कार्यक्रम अन्तर्गत महिला समूह/सहकारीलाई व्यवसाय सञ्चालन अनुदानका लागि प्रस्ताव पेश गर्ने सम्बन्धी सूचना !**

**(प्रथम पटक सूचना प्रकाशन मिति : २०८१/१०/२२ गते)**

आ.व २०८१/८२ को संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम (सशर्त अनुदान) अनुसार बहुक्षेत्रीय पोषण कार्यक्रम अन्तर्गत महिला समूह/सहकारीलाई व्यवसाय सञ्चालन अनुदान कार्यक्रम अनुसार विपन्न समुदायका सुनौलो हजार दिनका घरपरिवार लक्षित आयआर्जनका क्रियाकलाप सञ्चालन गर्नका लागि सूचना प्रकाशन भएको मितिदेखि १५ (पन्ध्र) दिन भित्र व्यवसायिक योजना सहित तपसिल अनुसारका आवश्यक कागजातहरु संलग्न गरी प्रस्ताव पेश गर्न यो सूचना प्रकाशन गरिएको छ।

**प्रस्ताव छनौटको आधार तथा आवश्यक कागजातहरु:**

१. स्थानीय तहभित्र रहेका दलित तथा जनजाति समुदायमा क्रियाशिल साविक महिला विकास कार्यक्रमबाट प्रवर्द्धित महिला सहकारी मध्ये सुनौला हजार दिनका घरपरिवारलाई फाइदा पुग्ने सहकारी तथा समूह,
२. सहकारीहरु नभएमा सोही प्रकृतिका साविक महिला विकास कार्यक्रमबाट प्रवर्द्धित महिला समूह, कृषक समूह वन स्वास्थ्य आमा समूह,
३. स्थानीय तहमा उत्पादन भएका वस्तुहरुको उपयोग र परिवार तहकै जनशक्ति प्रयोग गरि व्यवसाय सञ्चालन गरिने प्रस्ताव,
४. बहुक्षेत्रीय पोषण योजनाबाट प्राप्त अनुदानको रुपमा परिचालन हुने प्रतिवद्धता भएका प्रस्ताव,
५. महिला सहकारीको हकमा प्रचलित कानून बमोजिम दर्ता भई सम्बन्धित स्थानीय तह कार्यक्षेत्र भएको र महिला समूहको हकमा स्थानीय तहमा दर्ता भएको हुनुपर्नेछ।

**प्रस्ताव छनौटको मापदण्ड तथा सञ्चालन :**

स्थानीय तहले विपन्न समुदायका सुनौला हजार दिनका घरपरिवार लक्षित आयआर्जनका क्रियाकलाप सञ्चालन गर्न शुरुवाती पूँजी उपलब्ध गराउन देहाय बमोजिम महिला सहकारी वा समूह छनौट गर्ने:

१. विपन्न समुदायका महिलाहरुको पूर्ण सहभागिता र नेतृत्त्वमा स्थानीय तहभित्र सञ्चालनमा रहेका महिला सहकारी मध्येबाट कुनै एउटा सहकारी संस्था वा समूह छनौट गर्ने।
२. स्थानीय तहमा महिला सहकारी संस्था क्रियाशिल नभएको अवस्थामा सरकारी निकाय: महिला विकास कार्यक्रम, गरिबसँग विश्वेश्वर कार्यक्रम, स्थानीय विकास कोष, स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम । नागरिक सचेतना केन्द्र, कृषि विकास, पशु सेवा, घरेलु विकासको समन्वय र सहजीकरणमा सञ्चालनमा रहेका महिला समूहलाई क्रमश: प्राथमिकताका आधारमा छनौट गर्ने। यस प्रकारका महिला समूह समेत नभएको अवस्थामा विकास साझेदार तथा गैर सरकारी संस्थाको सहजीकरणमा स्थापना भई विगत २ वर्षदेखि क्रियाशिल रहेका महिला समूह मध्येबाट समेत छनौट गर्न सकिने ।
३. महिला सहकारीको हकमा प्रचलित कानुन बमोजिम दर्ता भई सम्बन्धित स्थानीय तह कार्यक्षेत्र भएको र महिला समूहको हकमा स्थानीय तह वा वडा कार्यालयमा सूचिकृत भएको हुनुपर्ने।
४. अनुदान प्राप्त गर्ने महिला सहकारी वा महिला समूहले सामुहिक रुपमा व्यवसाय सञ्चालनका क्रियाकलापहरु गर्ने व्यवस्था मिलाउने ।
५. यस बुदाँ बमोजिम महिला सहकारी वा समूह छनौट गर्दा सरकारी निकायबाट हालसम्म अनुदान प्राप्त नभएको सहकारी तथा समूहलाई प्राथमिकता दिने ।

**अनुदान व्यवस्था:**

- छनौट भएको महिला सहकारीका २५ जना सदस्यलाई प्रति सदस्य रु. २५ हजारका दरले हुने एकमुष्ठ रु. ६ लाख २५ हजार अनुदान प्राप्त हुने।
- छनौट भएको एक सहकारी वा समूहसँग स्थानीय तहले सम्झोता गरी एकमुष्ठ अनुदान उपलब्ध हुने।

नोट: व्यवसायिक योजनाको नमुना यसै सूचना साथ संलग्न गरी पठाइएको छ। थप जानकारीका लागि मो.नं ९७६२५२७१५२ मा सम्पर्क गर्नुहुन अनुरोध छ।

धनिषा पुन मगर
सहायक महिला विकास निरीक्षक

देविलाल वि.क
प्रमुख प्रशासकीय अधिकृत

## सहकारी वा समूह सदस्यबाट सहकारी/समूहमा पेश हुने व्यवसायिक योजनाको नमूना

१. ठेगाना :

२. प्रस्तावित व्यवसायको नाम :

३. प्रस्तावित व्यवसाय रोज्नुको कारण :

४. प्रस्तावित व्यवसाय नयाँ हो वा परम्परागत रुपमा गर्दै आएको हो ?

५. प्रस्तावित व्यवसाय गर्न आवश्यक ज्ञान तपाईसँग छ ?

६. प्रस्तावित व्यवसाय गर्ने ज्ञान तपाईसँग छैन भने उक्त ज्ञान कसरी हासिल गर्नु हुन्छ ?

७. प्रस्तावित व्यवसायमा परिवारका कति जना सदस्यहरू संलग्न हुन्छन् ?

८. प्रस्तावित व्यवसायको लागत

जम्मा बजेटः

आफुसँग भएको रकमः

नपुग हुने रकमः

९. प्रस्तावित व्यवसायका सम्भावित जोखिमहरू

१०. जोखिमहरू न्यूनीकरण गर्न अवलम्बन गरिने कार्यहरू

११. प्रस्तावित व्यवसायबाट हुने वार्षिक अनुमानित नाफा

१२. वार्षिक उत्पादन र बिक्री लक्ष्यः

| विवरण | इकाई | उत्पादन | | | बिक्री | | |
|---|---|---|---|---|---|---|---|
| | | पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष |
| | | | | | | | |

१३. पूँजीगत लगानी र ह्रास कट्टीः

| क.सं | विवरण | परिमाण | दर | जम्मा (क) | आयू (वर्ष) (ख) | वार्षिक ह्रास कट्टी (क/ख) |
|---|---|---|---|---|---|---|
| १ | | | | | | |
| २ | | | | | | |
| ३ | | | | | | |
| ४ | | | | | | |
| कुल जम्मा | | | | | | |

१४. खर्च योजना

| क.सं | विवरण/इकाई | दर | पहिलो वर्ष | | दोस्रो वर्ष | | तेस्रो वर्ष | |
|---|---|---|---|---|---|---|---|---|
| | | | परिमाण | जम्मा रकम | परिमाण | जम्मा रकम | परिमाण | जम्मा रकम |
| १ | | | | | | | | |
| २ | | | | | | | | |
| जम्मा उत्पादन खर्च (रु.) | | | | | | | | |

१५. आम्दानी योजना

| क.सं | विवरण/इकाई | दर | पहिलो वर्ष | | दोस्रो वर्ष | | तेस्रो वर्ष | |
|---|---|---|---|---|---|---|---|---|
| | | | परिमाण | जम्मा रकम | परिमाण | जम्मा रकम | परिमाण | जम्मा रकम |
| १ | | | | | | | | |
| २ | | | | | | | | |
| जम्मा बिक्री आम्दानी (रु.) | | | | | | | | |

१६. वार्षिक नाफा नोक्सान विवरण

| क.सं | विवरण/इकाई | वर्ष १ | वर्ष २ | वर्ष ३ |
|---|---|---|---|---|
| क | जम्मा उत्पादन खर्च | | | |
| ख | जम्मा बिक्री आम्दानी | | | |

स्वघोषणा,
मैले पेश गरेको उपर्युक्त कामको लागि मैले यस आ.ब. मा अन्य कुनैपनि सरकारी निकायबाट अनुदान लिएको छैन।

प्रतिवद्धताः
म माथि प्रस्तावित व्यवसाय गर्न प्रतिवद्द छु। उपरोक्त अनुसारको व्यवसाय सञ्चालन गरी मेरो परिवार आर्थिक अवस्था सुधार हुँदै जाने र जसले मेरो परिवारको जीवनयापन सहज भई पोषणको अवस्थामा सुधार हुनेमा म विश्वस्त छु।

दस्तखत
नाम
ठेगाना
मोवाईल नं.